प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति साप्ताहिक

**Janajyoti Weekly**

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

■ धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
■ धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,
त्यसैले,
■ सार्वजनिक स्थानमा धूम्रपान नगरौं, ■ किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
■ धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
■ धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं, ■ आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
■ धूम्रपान त्याग्ने संकल्प गरौं,
■ धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।
स्वस्थ जीवन, उन्नत भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

■ वर्ष: ४५ ■ अंक : ०६ ■ २०८३ जेठ ०३ गते आइतबार ■ Sunday, 17 May 2026 ■ मूल्य रू. ८ ।-



एसियन हाइवे अन्तर्गतको दमक नपा र कमल नपालाई जोड्ने रतुवामा बन्दै गरेको भाइरल पुल । तस्विर : पूर्वसन्देश

### हुलाकी राजमार्ग निर्माण सुस्त

## एकातर्फ बन्दै, अर्का तर्फ भत्कदैं

**गोपाल झापाली**



दमक/ राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको बहुप्रतिक्षित हुलाकी राजमार्गको विभिन्न खण्ड अझै निर्माणाधिन छ । तर निर्माण भईसकेको स्थानमा भने भत्कन पनि शुरु भई सकेको छ ।

भद्रपुरस्थित झापाचोकबाट जलथल हुँदै राजगढ जोड्ने हुलाकी राजमार्गअन्तर्गतको सडक निर्माण सम्पन्न भएको एक वर्ष नपुग्दै विभिन्न स्थानमा भत्किन थालेको छ । पूरा नहुँदै सडक भत्किन थाले पछि यात्रु तथा स्थानीयले हैरानी खेप्नुपरेको छ । सडकका ठाउँठाउँमा ठुला खाल्डाखुल्डी पर्नुका साथै पुल र कल्भर्ट निर्माण अधुरै रहेकाले दुर्घटनाको जोखिमसमेत बढेको स्थानीयवासीको गुनासो छ ।

हल्दीबारी गाउँपालिकाको वडा नम्बर ३, ४ र ५ क्षेत्रमा पर्ने भुतेनी खोला र भुसुडी खोलामा निर्माण अपूरो अवस्थामा रहेकाले सवारी आवागमनमा समस्या भइरहेको छ । स्थानीयवासीका अनुसार सडकमा भएका खाल्डाखुल्डीका कारण साना तथा ठूला सवारीसाधन दुर्घटनामा पर्ने क्रम बढ्दो छ । वर्षायाम सुरु हुन लागेकाले सडकको अवस्था अझ जोखिमपूर्ण बन्न सक्नेमा स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

हल्दीबारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वनले सडकको दयनीय अवस्थाबारे गाउँपालिकाले पटकपटक सम्बन्धित निकायको ध्यानाकर्षण गराएपनि हालसम्म सुधारको काम अघि नबढेको बताए । पालिकाले पटकपटक ताकेता गरे पनि सम्बन्धित आयोजनाबाट अपेक्षित प्रतिक्रिया नआएको उनको भनाई छ । यस्तै हल्दीबारी(४ का वडाध्यक्ष सन्तकुमार थापाले निर्माण सम्पन्न भएको छोटो समयमै सडक भत्किन थालेपछि निर्माणको गुणस्तरीयतामाथि प्रश्न उठेको बताएका छन् । उनले सडकमा दैनिकजसो दुर्घटनाको जोखिम बाँकी ४ पेजमा ▸▸

## तरकारी र फलफूलको विषादी परीक्षण

दमक/ दमक नगरपालिकाले खरबुजासहित विभिन्न फलफूल तथा तरकारीमा प्रयोग भएको विषादीको परीक्षण गरेको छ । सामाजिक सञ्जालमा अत्यधिक विषादी प्रयोग भएको र बालबालिका बिरामी परेको जस्ता पोस्टहरू आउन थालेपछि वास्तविकता बुझ्न नमुना परीक्षण गरिएको नगरपालिकाले जनाएको छ ।

नगर प्रमुख रामकुमार थापाका अनुसार नगरपालिकाले बजार अनुगमन गरी विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ, बिर्तामोडको प्राविधिक सहयोगमा दमक बजारमा बिक्री भइरहेका खरबुजासहित ताजा तरकारी तथा फलफूलको नमुना संकलन गरी परीक्षण गरेको हो । परीक्षणका क्रममा प्याजको साग, काँक्रो, बोडी, गोलभेंडा, सलगम, काँडेली र खरबुजाको नमुना संकलन बाँकी ४ पेजमा ▸▸

## कांग्रेस नेतृत्व अहंकारी : नेता खड्का



दमक । नेपाली कांग्रेसका पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले नेतृत्व र कार्यकर्ताबीच बढ्दो दूरीका कारण पार्टी विभाजनको दिशातर्फ उन्मुख भएको बताएका छन् । शनिबार (जेठ २) कांग्रेस कर्णाली प्रदेश समितिले सुर्खेतमा आयोजना गरेको विचार गोष्ठीमा उनले यस्तो यस्तो बताएका हुन् ।

पार्टीको सानेपास्थित नेतृत्व र बाहिर रहेका कार्यकर्ताबीच ठूलो खाडल सिर्जना भएको उनले उल्लेख गरे । वर्तमान नेतृत्वमा अहंकार, स्वार्थ र पारिवारिक हित हाबी भएको उनले आरोप लगाए ।

खड्काले कार्यकर्तासँग संवाद गरी कमजोरी स्वीकार गर्दै सुधारको बाटो अपनाउनुपर्नेमा जोड दिए । अनुशासन र कारबाहीका नाममा कार्यकर्तालाई तर्साउने प्रवृत्ति बढेको भन्दै उनले भोट नदिएका आधारमा कारबाही गर्नु गलत भएको धारणा राखे ।

"जिम्मेवार नेताहरूबाटै एकताभन्दा अनेकता फैलाउने अभिव्यक्ति आउन थालेको छ, जसले पार्टी संगठनलाई कमजोर बनाइरहेको छ," खड्काले भने, "पार्टीभित्रको यही कमजोरीले राष्ट्रियतामाथि समेत खतरा देखिन थालेको छ ।"

वर्तमान तथा निवर्तमान नेतृत्वलाई गाउँबस्तीमा पुगेर कार्यकर्तासँग प्रत्यक्ष संवाद गर्न र पार्टी एकता कायम राख्न उनले आग्रह गरे । उनले पछिल्लो कमजोर चुनावी परिणामपछि नेतृत्वले गम्भीर समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याए ।

## ईंटा निकाल्दा तीनको मृत्यु

दमक/ सर्लाहीको हरिपुरमा इँट्टा निकाल्नेक्रममा थिचिएका तीन जनाको ज्यान गएको छ । दुई जना घाइते भएका छन् । शुक्रबार बेलुका हरिपुर नगरपालिका(५, मजुर्वा गाउँमा रहेको कृष्ण इँट्टा उद्योगमा इँट्टा निकाल्ने क्रममा इँट्टाको चाङले थिचिएर तीन जनाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

सर्लाहीको गोडैता नगरपालिका(७ रामवनका ५० वर्षीय फिताइ मन्सुर, गोडैता नगरपालिका(९ का ३५ वर्षीय शम्भु राउत र भारतको लखिमपुरका ३५ वर्षीय अङ्गद कुमारको ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता बाँकी ४ पेजमा ▸▸

## आज मदन-आश्रित स्मृति दिवश

दमक/ नेकपा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको ३३ औं स्मृति दिवस ।

२०५० जेठ ३ गते चितवनको दासढुंगामा रहस्यमय जिप दुर्घटना परी दुवै नेताको निधन भएको थियो । यो रहस्यमय दुर्घटनाको पर्दा अझै उघारिएको छैन । नेकपा एमालेले आज देशभर विभिन्न कार्यक्रम आयोजना गरी मदन आश्रित दिवस मनाउँदै छ ।

जनताको बहुदलीय जनवाद (जबज) सिद्धान्तका प्रतिपादक नेताको रूपमा भण्डारीलाई चिनिन्छ । सो सिद्धान्त प्रतिवादन गरेपछि भण्डारीलाई अमेरिकी सञ्चार माध्यमहरूले बाँकी ४ पेजमा ▸▸

## इप्रका दमकको प्रमुखमा परिवर्तन

दमक । नेपाल प्रहरीले देशभर एकैपटक ठूलो संख्यामा प्रहरी उपरीक्षक (एसपी) र प्रहरी नायब उपरीक्षक (डिएसपी)हरूको सरुवा गरेको छ। प्रहरी प्रधान कार्यालयले शुक्रबार साँझ सार्वजनिक गरेको सूचीअनुसार एसपीतर्फ ४६ जना र डिएसपीतर्फ १४९ जनाको सरुवा गरिएको हो।

यसै क्रममा इलाका प्रहरी कार्यालय दमकका डिएसपी किशोर लम्सालको नेपाल प्रहरी प्रधान कार्यालय, मानव स्रोत विकास विभागअन्तर्गत तालिम शाखा नक्सालमा सरुवा भएका छन् । लम्सालको स्थानमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट डिएसपी हरिबहादुर बस्नेत दमक आउने भएका छन् ।

त्यस्तै, जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी डिएसपी खगेन्द्रबहादुर खड्काको काठमाडौं उपत्यका सशस्त्र प्रहरी गण नं. २ महाराजगञ्जमा सरुवा भएको छ। उनको स्थानमा काठमाडौं उपत्यका प्रहरी कार्यालय, अनुसन्धान योजना तथा विकास शाखा रानीपोखरीबाट डिएसपी रञ्जन अवा झापा आउने भएका छन्।

इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी विजय श्रेष्ठको जिल्ला बाँकी ४ पेजमा ▸▸

## शान्ति र स्थिरताका लागि संवादमा जोड

काठमाडौं/ परराष्ट्रमन्त्री शिशिर खनालले विश्वव्यापी ऊर्जा र आपूर्ति प्रणालीमा आउने अवरोधले गर्दा गरिबी निवारण तथा दिगो विकास लक्ष्य हासिल गर्नमा गम्भीर चुनौती खडा गरेको बताएका छन् ।

संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा आयोजित आर्थिक तथा सामाजिक परिषद्को विशेष बैठकलाई भर्चुअल रूपमा सम्बोधन गर्दै उनले आपसी मतभेदहरू समाधान गर्न, विश्वव्यापी शान्ति, स्थिरता तथा शान्तिपूर्ण सहअस्तित्व सुनिश्चित गर्न कूटनीति संवादको अपरिहार्यता रहेको बताए । संयुक्त राष्ट्रसंघको बडापत्र लगायत अन्तर्राष्ट्रिय कानुनमा आधारित बहुपक्षीयता र विश्वव्यापी सहयोगलाई बलियो बनाउन आवश्यक रहेको बाँकी ४ पेजमा ▸▸




बाँकी ४ पेजमा ▸▸

**आवश्यकता ! आवश्यकता !! आवश्यकता !!!**

**यस आरम्भ कम्प्युटर प्रा लि दमकका लागि केही दक्ष तथा इमान्दार कर्मचारीहरुको आवश्यकता भएकाले इच्छुकले आवेदन दिनुहोला ।**

**१ कम्प्युटर टेक्निसियन** - संख्या ३
◆ सम्बन्धित काममा दक्ष
◆ दुई वर्षसम्मको अनुभव भएको
◆ +२ सम्मको पढाइ भएको
◆ तलब २५ हजार + बोनस
◆ सवारी लाइसेन्स भएको वा कुदाउन जान्ने हुनुपर्नेछ।

**२ कम्प्युटर टेक्निसियन सहायक - संख्या ५**
◆ काम गर्नसक्ने दृढ इच्छा भएको तथा कामको आवश्यक भएको (विशेषत विद्यार्थी वर्गका लागि)
◆ एसईई सम्मको पढाई भएको ।
◆ तलब १५००० + बोनस ।

**३ सेल्स पर्सन - संख्या २**
◆ अफिस/पसल वा मार्केटिङमा दुई वर्षसम्म काम गरेको मिनिमम योग्यता हुनुपर्नेछ
◆ तलब २५ हजारदेखि ४० हजारसम्म ।

**४. सेल्स असिस्टेन्ट - संख्या ५**
◆ काम गर्नसक्ने दृढ इच्छा भएको तथा कामको आवश्यक भएको (विशेषत विद्यार्थी वर्गका लागि)
◆ तलब १५००० बोनस दिइनेछ ।

**आवश्यक कागजातहरु**
◆ नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि
◆ शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
◆ सम्बन्धित कामको योग्यताको प्रमाणपत्र
◆ हस्तलिखित निवेदन (अनिवार्य)

**नोट** : टाढाबाट आउनेलाई आवासको पनि व्यवस्था गरिनेछ। कृपया CV बनाई मेल वा whatsapp गर्न सक्नुहुनेछ।

**सम्पर्क**

**आरम्भ कम्प्युटर प्रा लि**

**दमक-६, झापा, फोन ०२३-५७६२४६, ९८५२६७६२४६**

सम्पादक/प्रकाशक : गङ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक- ११
कार्यालय : दमक-५ फोन:५८०२७२

# प्रकाशकीय

## संसदीय मर्यादा र जिम्मेवारीको प्रश्न

नेपालको संसदीय राजनीति फेरि एकपटक असहज मोडमा पुगेको छ । सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि छलफल हुनुअघि नै प्रमुख विपक्षी दलहरुले संसद बहिष्कार गर्नु केवल राजनीतिक असहमति होइन, लोकतान्त्रिक जिम्मेवारीबाट विमुख हुने प्रवृत्तिको संकेत पनि हो । संसद भनेको नाराबाजी, अवरोध र बहिष्कारको थलो मात्र होइनह्य राष्ट्रको नीति, कानुन र भविष्य तय गर्ने सर्वोच्च संस्था हो । त्यही संस्थालाई अविश्वास र अस्थिरताको अखडा बनाइँदा त्यसको प्रत्यक्ष असर राज्य सञ्चालन, अर्थतन्त्र र जनविश्वासमाथि पर्छ ।

लोकतन्त्रमा विरोध स्वाभाविक र आवश्यक मानिन्छ । तर विरोधको नाममा संसद नै छोड्ने अभ्यासले लोकतान्त्रिक संस्कृतिलाई कमजोर बनाउँछ । जनताले आफ्ना प्रतिनिधिलाई सडकमा नाराबाजी गर्न होइन, संसदभित्र बहस गरेर सरकारलाई जवाफदेही बनाउन पठाएका हुन् । नेपाली कांग्रेसले असहमति हुँदाहुँदै संसदमा उपस्थित भएर आफ्नो मत अभिलेख गराइरहेको बेला अन्य दलहरुले बहिष्कारको बाटो रोज्नु जिम्मेवार प्रतिपक्षको भूमिकासँग मेल खाँदैन । संसदभित्रै वैकल्पिक दृष्टिकोण राख्ने, संशोधन प्रस्ताव ल्याउने र तथ्यका आधारमा सरकारको आलोचना गर्ने संस्कार बलियो बन्नुपर्ने बेला संसद त्याग्ने प्रवृत्ति चिन्ताजनक छ ।

नेपालमा संसद अवरुद्ध गर्ने संस्कृति नयाँ होइन । विगतमा पनि विभिन्न मुद्दामा संसद अवरोध, रोष्ट्रम घेराउ, तोडफोड र बहिष्कारका घटना दोहोरिँदै आएका छन् । संविधानसभा कालदेखि संघीय संसदसम्म आइपुग्दा संसदीय अभ्यास अझै परिपक्व हुन नसकेको देखिन्छ । अहिलेको राजनीतिक परिवेशमा जनतामा पुराना दलहरुप्रति असन्तुष्टि बढ्दो छ भने नयाँ शक्तिप्रति आशा र आशंका दुवै छन् । युवापुस्ताको बदलिँदो राजनीतिक चेतना, डिजिटल आन्दोलन र व्यवस्थाप्रतिको निराशाले दलहरुलाई आत्मसमीक्षा गर्न बाध्य बनाएको छ । तर दलहरु अझै पनि वैकल्पिक राजनीति प्रस्तुत गर्नुभन्दा प्रतिद्वन्द्वीलाई कमजोर पार्ने रणनीतिमै बढी केन्द्रित देखिन्छन् ।

यसबीच संसदमा असंसदीय र आपत्तिजनक शब्दको प्रयोग बढ्दै जानु अर्को चिन्ताको विषय बनेको छ । सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावलीअनुसार केही सांसदका अभिव्यक्ति अभिलेखबाट हटाउन निर्देशन दिनुपरेको अवस्था संसदीय मर्यादामाथिको चुनौती हो । संसदमा गरिने बहस शिष्ट, मर्यादित र तथ्यमा आधारित हुनुपर्छ भन्ने संवैधानिक र संसदीय मान्यता भए पनि व्यक्तिगत आक्षेप, अपमानजनक शब्द र उत्तेजक अभिव्यक्तिले सदनको गरिमा कमजोर बनाएको छ । नियमावलीले अशिष्ट, अपमानजनक वा कुनै समुदायलाई होच्याउने अभिव्यक्ति निषेध गरे पनि व्यवहारमा त्यसको पालना प्रभावकारी देखिएको छैन ।

अहिले देशलाई स्थिरता, नीति निरन्तरता र उत्तरदायी राजनीति आवश्यक छ । सरकार आलोचनामुक्त छैन, त्यसैले उसले पनि संवादमुखी, पारदर्शी र जवाफदेही बन्नुपर्छ । तर विपक्षी दलहरुले केवल अस्वीकार होइन, स्पष्ट विकल्प पनि दिन सक्नुपर्छ । लोकतन्त्रमा बलियो सरकार जत्तिकै जिम्मेवार प्रतिपक्ष पनि आवश्यक हुन्छ । संसदलाई अवरुद्ध गरेर होइन, प्रभावकारी बनाएर मात्रै लोकतन्त्र बलियो बन्न सक्छ । जनताले अब नाराभन्दा काम हेर्न थालेका छन् । त्यसैले दलहरुले बुझ्नुपर्छ-संसदको गरिमा जोगाउने र लोकतान्त्रिक संस्कृतिलाई सुदृढ बनाउने जिम्मेवारी सबै राजनीतिक शक्तिको साझा दायित्व हो ।

## विश्व समुदायलाई सहयोग गर्न आग्रह

दमक । परराष्ट्रमन्त्री शिशिर खनालले विश्वव्यापी ऊर्जा र आपूर्ति प्रणालीमा आउने अवरोधले गर्दा गरिबी निवारण तथा दिगो विकास लक्ष्य हासिल गर्नमा गम्भीर चुनौती खडा गरेको बताएका छन् । संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा आयोजित आर्थिक तथा सामाजिक परिषद्को विशेष बैठकलाई भर्चुअल रुपमा सम्बोधन गर्दै उनले आपसी मतभेदहरु समाधान गर्न, विश्वव्यापी शान्ति, स्थिरता तथा शान्तिपूर्ण सहअस्तित्व सुनिश्चित गर्न कूटनीति संवादको अपरिहार्यता रहेको बताए । संयुक्त राष्ट्रसंघको बडापत्र लगायत अन्तर्राष्ट्रिय कानुनमा आधारित बहुपक्षीयता र विश्वव्यापी सहयोगलाई बलियो बनाउन आवश्यक रहेको उनले बताए ।

सम्बोधनका क्रममा मन्त्री खनालले जलवायु परिवर्तन र भू(राजनीतिक संकटका कारण सबैभन्दा बढी जोखिममा परेका देशहरु खासगरी नेपाल जस्ता अल्पविकसित र भूपरिवेष्टित विकासोन्मुख राष्ट्रलाई विशेष सहयोग गर्न उनले विश्व समुदायसँग आग्रह गरे ।

उत्थानशील पूर्वाधार, नवीकरणीय ऊर्जा, र दिगो आपूर्ति प्रणालीमा लगानी व्यापक रुपमा बढाउनुपर्ने तथा प्रविधि र प्राविधिक नवप्रवर्तनमा पहुँच पुर्‍याउनुपर्नेमा उनले जोड दिए ।  यसका साथै कमजोर अर्थतन्त्र भएका देशहरुका लागि सहुलियतपूर्ण वित्तीय सहायता, आपत्कालीन सहायता तथा ऋण राहतका उपायहरु तत्काल सुनिश्चित गर्न उनले आग्रह गरे । परराष्ट्रमन्त्री खनालको यस सम्बोधनले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको कूटनीतिक अडान र विश्वव्यापी आर्थिक न्यायका लागि आवाजलाई थप बलियो बनाएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# स्वार्थको बोलीले राजनीतिक संस्कार संकटमा



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**एक समय ठूलो जनसमर्थन पाएका दलहरु अहिले आफ्नै कमजोरीका कारण संकटमा परिरहेका छन् । हिजो जनताको घरदैलोमा पुगेर परिवर्तनका सपना बाँड्ने नेताहरु अहिले जनतासँग संवाद गर्न सकिरहेका छैनन् । उनीहरु पार्टी कार्यालय, सामाजिक सञ्जाल र आफ्ना समर्थक मिडियामार्फत मात्रै राजनीति गरिरहेका छन् । जनताका वास्तविक समस्या, बेरोजगारी, महँगी, अव्यवस्थित बस्ती, शिक्षा, स्वास्थ्य र विकासका मुद्दा भने ओझेलमा परिरहेका छन् ।**

नेपालको राजनीति अहिले गम्भीर संक्रमणको चरणबाट गुज्रिरहेको छ । लोकतन्त्र स्थापना, गणतन्त्रको अभ्यास र राजनीतिक परिवर्तनका अनेक आन्दोलनपछि पनि जनताले अपेक्षा गरेअनुसारको राजनीतिक संस्कार विकास हुन सकेको छैन । राजनीति जनसेवा र विचारको माध्यम बन्नुपर्नेमा आज सत्ता, स्वार्थ र अवसरको खेलमा सीमित बन्दै गएको अनुभूति आमनागरिकले गरिरहेका छन् । यही कारण राजनीतिप्रति जनविश्वास क्रमशः कमजोर बन्दै गएको छ । अहिलेको सबैभन्दा ठूलो समस्या नै राजनीतिमा मूल्य र मान्यताको खडेरी हो ।

नेपालको राजनीतिक इतिहासमा बीपी कोइराला, गणेशमान सिंह, गिरिजाप्रसाद कोइराला, पुष्पलाल, मनमोहन अधिकारी, मदन भण्डारीजस्ता नेताहरुले विचार, त्याग र निष्ठाको राजनीति गरेका उदाहरणहरु छन् । उनीहरुबीच वैचारिक मतभेद थिए, तर राष्ट्र र लोकतन्त्रप्रतिको प्रतिबद्धता स्पष्ट थियो । अहिले भने राजनीतिक दल र नेतृत्वमा त्यस्तो आदर्श, त्याग र नैतिकताको अभाव महसुस हुन थालेको छ । विचारभन्दा व्यक्तिकेन्द्रित राजनीति हाबी भएको छ । सिद्धान्तका नाममा भाषण धेरै छन्, तर व्यवहारमा राजनीतिक चरित्र कमजोर हुँदै गएको देखिन्छ ।

हिजो जनवाद, समाजवाद र लोकतन्त्रको नाममा राजनीति गर्नेहरु आज धनवाद र शक्तिवादमा रमाइरहेका छन् । निजी स्वार्थ, पद र शक्तिको लोभले राजनीतिलाई दूषित बनाएको छ । राजनीतिक परिवर्तनका नाममा जनताले धेरै संघर्ष गरे, धेरैले जीवन बलिदान पनि दिए । विशेषगरी सशस्त्र द्वन्द्वका बेला नयाँ नेपालको सपना देखेर हजारौं युवाले जीवन जोखिममा राखे । तर आज त्यही परिवर्तनका अगुवा शक्तिहरु विभाजित, कमजोर र दिशाहीन देखिएका छन् । एक समय क्रान्तिको भाषण गर्नेहरु अहिले सत्ताको वरिपरि घुमिरहेका छन् । हिजो राज्यद्वारा प्रताडित भएकाहरु आज त्यही पुरानो संस्कारको रक्षामा उभिएको दृश्यले जनतालाई निराश बनाएको छ ।

राजनीतिमा अवसरवाद यति धेरै मौलाएको छ कि विचार र निष्ठाभन्दा लाभ र पहुँच महत्वपूर्ण बन्न पुगेको छ । संक्रमणकालीन राजनीतिलाई धेरैले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्ने माध्यम बनाए । वर्षौंदेखि सत्ता दोहन गरेर बसेका दल र नेतृत्वहरु जनताबाट क्रमशः टाढिँदै गएका छन् । उनीहरुको दम्भ, भ्रष्टाचार, नातावाद, परिवारवाद र सत्ता मोहकै कारण जनताले उनीहरुप्रति विश्वास गुमाउँदै गएका हुन् । आज जनताले पुराना राजनीतिक शैलीलाई प्रश्न गर्न थालेका छन् ।

एक समय ठूलो जनसमर्थन पाएका दलहरु अहिले आफ्नै कमजोरीका कारण संकटमा परिरहेका छन् । हिजो जनताको घरदैलोमा पुगेर परिवर्तनका सपना बाँड्ने नेताहरु अहिले जनतासँग संवाद गर्न सकिरहेका छैनन् । उनीहरु पार्टी कार्यालय, सामाजिक सञ्जाल र आफ्ना समर्थक मिडियामार्फत मात्रै राजनीति गरिरहेका छन् । जनताका वास्तविक समस्या, बेरोजगारी, महँगी, अव्यवस्थित बस्ती, शिक्षा, स्वास्थ्य र विकासका मुद्दा भने ओझेलमा परिरहेका छन् ।

राजनीतिक नेतृत्वले बारम्बार गरेका वाचा पूरा हुन नसक्दा जनतामा गहिरो वितृष्णा पैदा भएको छ । जनताले नेतृत्वको भाषणभन्दा व्यवहार हेर्न थालेका छन् । यही कारण अहिले नयाँ पुस्तामा पुराना दलहरुप्रति असन्तुष्टि बढ्दै गएको छ । विशेषगरी युवापुस्ताले अब पुरानो शैलीको राजनीति स्वीकार्न छोडेको देखिन्छ । उनीहरु परिवर्तन, पारदर्शिता र उत्तरदायित्व खोजिरहेका छन् ।

हालको राजनीतिक परिवेशमा नयाँ राजनीतिक शक्तिहरुको उदय पनि यही असन्तुष्टिको परिणाम हो । जनताले विकल्प खोज्न थालेका छन् । चुनावमा देखिएको मतपरिवर्तनले पनि जनताको मनोविज्ञान बदलिँदै गएको स्पष्ट संकेत दिएको छ । पुराना दलहरुले यसलाई आत्मसमीक्षाको अवसर बनाउनुपर्ने हो, तर अझै पनि धेरै नेतृत्व आरोप-प्रत्यारोप, षड्यन्त्र र विरोधको राजनीतिमै अल्झिएको देखिन्छ ।

नयाँ परिवर्तनलाई शंकाको दृष्टिले हेर्नुभन्दा त्यसलाई काम गर्न दिने संस्कार विकास हुन आवश्यक छ । लोकतन्त्रमा आलोचना आवश्यक हुन्छ, तर केवल विरोधका लागि विरोध गर्ने प्रवृत्तिले देशलाई निकास दिन सक्दैन । यदि सरकार वा नयाँ शक्तिले सुधारका प्रयास गरिरहेका छन् भने त्यसलाई सहयोग गर्न सक्नुपर्छ । जनताले पनि अब कामको मूल्यांकन गर्न सिकिरहेका छन् ।

नेपालको राजनीति अहिले एउटा निर्णायक मोडमा छ । पुराना सोच र शैलीबाट देश अगाडि बढ्न सक्दैन भन्ने चेतना विस्तारै बलियो बन्दै गएको छ । अबको राजनीति युवापुस्ताको आकांक्षा, पारदर्शिता, सुशासन र परिणाममुखी कार्यशैलीतर्फ उन्मुख हुनुपर्छ । केवल नाराबाजी, भाषण र भावनात्मक राजनीति गरेर जनतालाई धेरै दिनसम्म प्रभावित पार्न सकिने अवस्था अब छैन ।

राजनीतिमा मूल्य-मान्यताको पुनःस्थापना आजको सबैभन्दा ठूलो आवश्यकता हो । नेतृत्वको आचरण, व्यवहार र निर्णयमा नैतिकता देखिनुपर्छ । सत्ता प्राप्ति मात्र राजनीति होइन, जनताको विश्वास जित्नु नै राजनीतिको वास्तविक सफलता हो । यदि राजनीतिक दलहरुले समयमै आत्मसमीक्षा गरेनन् भने जनताले अझ कडा फैसला दिन सक्छन् ।

नेपालको लोकतन्त्रलाई बलियो बनाउन जिम्मेवार राजनीति आवश्यक छ । विचार, निष्ठा, पारदर्शिता र जनउत्तरदायित्वलाई केन्द्रमा राखेर अघि बढ्न सके मात्रै राजनीतिप्रतिको जनविश्वास पुनःस्थापित हुन सक्छ । जनताले चाहेको पनि यही हो-राजनीतिमा स्वार्थ होइन, मूल्य र मान्यताको पुनर्जागरण ।

### सन्दर्भ : जननेता मदन भण्डारी र जीवराज आश्रितको स्मृति दिवस

# मदन भण्डारीको ०४६ पछिको भाषण र न्याय नपाएको दासढुंगा

बाबुराम क्षेत्री

२०४७ सालमा तत्कालीन श्री पञ्चायत माध्यमिक विद्यालय गोठगाउँबाट एसएलसी उत्तीर्ण भएपछि मेरो शैक्षिक यात्रा इटहरीतर्फ मोडियो । प्रस्तावित जनता क्याम्पसमा प्रविणता प्रमाणपत्र तह (आइए) अध्ययनका लागि पुगेको त्यो समय नेपाली राजनीतिमा नयाँ उत्साह र परिवर्तनको लहर चलिरहेको समय थियो । प्रजातन्त्र पुनःस्थापनापछि विद्यार्थी राजनीति निकै सक्रिय थियो । कलेजमा नेविसंघ, अनेरास्ववियुलगायत विभिन्न विद्यार्थी संगठनबीच संगठन विस्तार र नेतृत्वका लागि तीव्र प्रतिस्पर्धा चलिरहेको हुन्थ्यो । रोहित प्रसाईजस्ता सिनियर विद्यार्थी नेताहरू कलेज राजनीतिमा सक्रिय थिए । धेरै साथीहरूले मलाई पनि कुनै न कुनै संगठनमा लाग्न आग्रह गर्थे । तर म राजनीतिभन्दा पढाइ र पारिवारिक जिम्मेवारीप्रति बढी केन्द्रित थिएँ ।

भोजपुर प्याउलीको सामान्य परिवारबाट आएको म, गोठगाउँमा मामाघर बसेर पढ्दै हुर्किएको विद्यार्थी थिएँ । आर्थिक अवस्था सामान्य थियो । त्यसैले राजनीतिमा लाग्दा थप समस्या निम्तिने डर थियो । मैले भविष्यको सपना पढाइमार्फत देखेको थिएँ, राजनीतिमार्फत होइन । यही कारण कुनै दलसम्बद्ध विद्यार्थी संगठनको सदस्यता लिने सोच कहिल्यै आएन । तर राजनीति नजिकबाट हेर्ने, सुन्ने र बुझ्ने चासो भने बढ्दै गइरहेको थियो ।

त्यही समयका एक असाधारण नेता थिए- मदन भण्डारी । उनको भाषण सुन्न विद्यार्थीहरू कलेज नै रित्त्याएर जाने गर्थे । अरू नेताभन्दा उनको शैली फरक थियो । भाषणमा तर्क, व्यंग्य, आत्मविश्वास र स्पष्ट दृष्टिकोण हुन्थ्यो । विशेष गरी २०४६ सालअघि नै उनले राजालाई राजनीति गर्ने हो भने श्रीपेच फुकालेर जनतामाझ आउन चुनौती दिएका कुरा युवापुस्ताका लागि साहसिक लाग्थे । इटहरीमा हुने उनका कार्यक्रमहरूमा म पनि सहभागी हुन्थेँ । लहैलहैमा पुगेको त्यो आकर्षण पछि गहिरो प्रभावमा बदलियो ।

२०४८ सालतिर इटहरी खेलमैदानमा भएको एउटा कार्यक्रममा म अगाडिको लाइनमै बसेर उनको भाषण सुनिरहेको थिएँ । त्यतिबेला पत्रकारिता वा राजनीतिक जीवनबारे कुनै कल्पना थिएन । तर मदन भण्डारीको त्यो भाषणले नेतृत्व भनेको के हो भन्ने गहिरो प्रभाव छोड्यो । उनले भाषणकै क्रममा सरकारी कर्मचारी र शिक्षकहरूलाई लक्षित गर्दै भनेका थिए- “काम छोडेर यहाँ भाषण सुन्न आउने शिक्षक र कर्मचारीको नाम टिपोट गरिदिनुस्, म कारबाही गर्छु ।” त्यो अभिव्यक्तिले उपस्थित धेरैलाई झस्काएको थियो । साँच्चै, अगाडि बसेका केही शिक्षक र कर्मचारी त्यहाँबाट बाहिरिँदै गरेको दृश्य अझै स्मृतिमा ताजै छ । त्यो जिम्मेवारीबोध, त्यो दृढता र त्यो नेतृत्व क्षमता सामान्य थिएन ।

पछि स्नातक अध्ययनका लागि काठमाडौंको रत्नराज्य लक्ष्मी क्याम्पस पुगेँ । त्यहाँ पनि मदन भण्डारीका भाषणहरू सुनिरहेँ । उनी युवामा आशा जगाउने नेता थिए । परिवर्तन, लोकतन्त्र र कम्युनिस्ट आन्दोलनलाई नेपाली समाजको यथार्थसँग जोडेर प्रस्तुत गर्ने उनको क्षमता अद्भुत थियो । त्यतिबेला म काठमाडौंका गल्लीहरूमा जागिर खोज्दै हिँड्थेँ । आर्थिक संघर्ष चर्किंदै थियो । २०५० सालतिर “सुरुची साप्ताहिक” मा कार्यालय सहायकका रूपमा काम गर्ने अवसर पाएपछि पत्रकारितासँग परिचय भयो । त्यही समयमा देशलाई नयाँ ऊर्जा दिने नेता मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रित दासढुंगामा रहस्यमय दुर्घटनामा परे ।

२०५० साल जेठ ३ गतेको त्यो घटना नेपाली कम्युनिस्ट आन्दोलनकै सबैभन्दा रहस्यमय र पीडादायी अध्याय बन्यो । पोखराबाट चितवन हुँदै काठमाडौं फर्कने क्रममा उनीहरू सवार जीप दासढुंगामा दुर्घटनाग्रस्त भएर त्रिशूली नदीमा खसेको भनियो । आश्रितको शव घटनास्थल नजिकै भेटियो, तर मदन भण्डारीको शव चार दिनपछि नारायणी किनारमा भेटियो । सबैभन्दा आश्चर्यजनक कुरा त चालक अमर लामा सकुशल बाँचे । पछि २०६० सालमा उनै चालकको कीर्तिपुरमा गोली हानी हत्या गरियो । यी घटनाले दुर्घटनाप्रति गम्भीर शंका जन्माउनु स्वाभाविक थियो ।

तीन दशक बितिसक्दा पनि दासढुंगा घटना दुर्घटना थियो कि नियोजित हत्या भन्ने निष्कर्ष राज्यले दिन सकेको छैन । अझ विडम्बना त के छ भने, मदन भण्डारीकै सिद्धान्त “जनताको बहुदलीय जनवाद” लाई एमालेले आफ्नो राजनीतिक मार्गदर्शक बनाइरहँदा पनि उनको मृत्युको सत्य खोज्ने इमानदार प्रयास देखिएन । यही अवधिमा एमाले पाँचपटक सरकारको नेतृत्वमा पुग्यो । केपी शर्मा ओली, वामदेव गौतम, भीम रावल, विष्णु पौडेल, खगराज अधिकारीदेखि रामबहादुर थापा ‘बादल’ सम्म गृहमन्त्री बने । मदन भण्डारीकी पत्नी विद्या भण्डारी दुई कार्यकाल राष्ट्रपति भइन् । तर दासढुंगा प्रकरणको सत्य पत्ता लगाउने राजनीतिक इच्छाशक्ति भने कहिल्यै देखिएन ।

एक समय एमालेले नै “सत्तामा पुगेको २४ घण्टाभित्र दासढुंगा घटनाको सत्य बाहिर ल्याउँछौं” भनेको थियो । २०५१ मा मनमोहन अधिकारी नेतृत्वमा एमाले सरकारमा पुग्यो, केपी ओली गृहमन्त्री भए । तर त्यो प्रतिबद्धता केवल भाषणमै सीमित रह्यो । ३० वर्षसम्म पनि घटनाको यथार्थ सार्वजनिक हुन सकेन । यसले राजनीतिक नेतृत्वप्रतिको नैतिक प्रश्न अझ गहिरो बनाएको छ ।

दासढुंगा घटना केवल दुई नेताको मृत्यु मात्र होइन, नेपाली राजनीतिक इतिहासको संवेदनशील मोड पनि हो । यदि त्यो दुर्घटना थियो भने स्पष्ट रूपमा प्रमाणित गरिनुपर्छ । यदि हत्या थियो भने दोषी सार्वजनिक हुनुपर्छ । तर सत्यलाई निरन्तर धुमिल बनाइँदा जनतामा अविश्वास बढ्नु स्वाभाविक हो । अझ एमालेभित्रैका विभिन्न गुट र शक्ति संघर्षका कारण पनि यो घटनामाथि शंका उब्जिएको पाइन्छ ।

आजको पुस्ताले इतिहासलाई केवल श्रद्धाञ्जलीको रूपमा होइन, सत्यको खोजको रूपमा हेर्न आवश्यक छ । मदन भण्डारी र जीवराज आश्रितको योगदानलाई सम्मान गर्ने वास्तविक उपाय भनेकै दासढुंगा घटनाको निष्पक्ष छानबिन हो । लोकतन्त्रमा कुनै पनि रहस्यमय राजनीतिक घटनालाई दबाएर राख्नु भविष्यका लागि खतरनाक अभ्यास हो ।

तीन दशक बितिसक्दा पनि सत्यको प्रतीक्षा बाँकी छ । तर आशा अझै मरेको छैन । अबको युवा पुस्ताले सत्ता र स्वार्थभन्दा माथि उठेर यस्ता घटनाको निष्पक्ष अनुसन्धान गर्न दबाब दिन सके मात्रै इतिहासप्रतिको न्याय सम्भव हुनेछ । मदन भण्डारीलाई सम्झनु भनेको केवल फूल चढाउनु होइन, उनले देखाएको राजनीतिक इमानदारी र सत्यप्रतिको प्रतिबद्धतालाई व्यवहारमा उतार्नु पनि हो ।

अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक–६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक–८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# राजा महेन्द्रको गुमनाम शिकार क्षेत्र



इटहरी/ सुनसरीको वराहक्षेत्र नगरपालिका-७ स्थित क्याम्प चौरीक्षेत्रमा रहेको ऐतिहासिक भग्नावशेष संरक्षणको अभावमा हराउँदै गएको छ । सप्तकोशी सामुदायिक वनभित्र रहेको उक्त स्थान तत्कालीन राजा महेन्द्रले सिकार खेल्न आउँदा बसोबास तथा विश्रामका लागि प्रयोग गर्ने अस्थायी क्याम्पका रूपमा परिचित थियो ।

चतरा र महेन्द्रनगरको बिचमा पर्ने क्याम्प चौरीक्षेत्रमा रहेको पुरानो संरचना अहिले भग्नावशेषमा सीमित बनेको छ । स्थानीयका अनुसार विसं २०१३/१४ तिर राजा महेन्द्र सुनसरीको चुरे तथा वनक्षेत्रमा सिकार खेल्न आउँदा उक्त स्थानलाई अस्थायी क्याम्पका रूपमा प्रयोग गरिन्थ्यो । स्थानीय युवराज भट्टराईका अनुसार त्यहाँ पहिले इँटाले बनेका तीन वटा घर थिए । भट्टराईका अनुसार सुरूदेखि नै संरक्षणमा चासो नदिइँदा भग्नावशेषसमेत बिस्तारै माटोमा विलिन हुँदै गएका छन् ।

स्थानीयले देख्दै आएका ती घर तथा त्यहाँ रहेका सामग्री समयसँगै हराइसकेका छन् अहिले पनि वनक्षेत्रमा छरिएका इँटाका टुक्राले त्यहाँ कुनै समय राजा महेन्द्रको सिकार क्याम्प रहेको भग्नावशेष रहेको छ । स्थानीय खेमबहादुर बस्नेतका अनुसार बर्सौंदेखि संरक्षण नहुँदा ऐतिहासिक महत्व बोकेको यो स्थानमा अहिले भग्नावशेषबाहेक केही बाँकी छैन ।

हाल भवन रहेको क्षेत्र झाडीले ढाकिएको छ । ऐतिहासिक तथा पर्यटकीय सम्भावना बोकेको स्थल भए पनि संरक्षण अभावमा ओझेलमा परेको स्थानीयको भनाइ छ । बस्तीनजिकै रहेको क्याम्प चौरी सामुदायिक वनक्षेत्रभित्र पर्छ । स्थानीयका अनुसार सात दशकअघि त्यहाँ राजा सिकार खेल्न बस्ने भवन तथा सुरक्षाकर्मीका लागि छुट्टै संरचना थिए । भवन वरिपरि घना जङ्गल र बिचमा फराकिलो चौर भएकाले स्थानीयले त्यस क्षेत्रलाई बोलीचालीमा 'क्याम्प चौरी' भन्न थालेको स्थानीयको भनाइ छ । क्याम्प चौरीको पश्चिमदक्षिण क्षेत्रमा राजा महेन्द्रको स्वागतका लागि निर्माण गरिएको 'महेन्द्रगेट' अहिले पनि सोही नामले चिनिन्छ । स्थानीय हिराण्य कार्कीका अनुसार नयाँ संरचना निर्माण भए पनि गेटको नाम परिवर्तन गरिएको छैन । यो स्थान अझै पनि राजकीय भ्रमणको स्मृतिसँग जोडिएको प्रतीकका रूपमा रहेको उनको भनाई छ । स्थानीयवासीका अनुसार राजा महेन्द्र हालको वराहक्षेत्र-९, राजाबास महेन्द्रगेट, सैनिक टोल क्षेत्रसम्म पुगेर सप्तकोशीको दृश्यावलोकन गर्ने, विश्राम लिने तथा मचान बनाएर सिकार खेल्ने गर्थे । संरक्षण अभावमा यी ऐतिहासिक सम्पदा ओझेलमा पर्दै गएका छन् । क्याम्प चौरीको संरक्षण, पुनर्निर्माण र प्रचारप्रसार गर्न सकियो भने यी स्थल इतिहास र पर्यटनका आकर्षक गन्तव्य बन्न सक्ने सम्भावना रहेको छ ।

साहित्य/सिर्जना

## आमाको हिमा



♦ शान्त प्रसाद भट्टराई

हे आमा जननी माता जन्म दिई पृथ्वीमा जन्मायौ
उस्तै गरी नौ महिना पेटमा राखी दुधको अमृत पिलायौ
कति लात्ति लागे काखमा फोहोरमैला कष्टलाई सम्हाल्यौ
आमाको दुधको भार कति दयामाया गरे पनि भार काटिदैन
लक्ष्मी, सरस्वती जस्ती आमा हे देवता सेवा गर्दा मात्र पुग्दैन
खेताला जाँदा दिएको खाजा नखाई नखाई ल्याएर खुवायौ
मकै, भटमास जे पाँए पनि नखाई मलाई बचायौ
बल्लतल्ल बचे आमाको राम्रो सेवा गर्न सकिन
पृथ्वी माताको दोहन गर्ने नराम्रा पापी कुकर्म बच्न लागे देख्न सकिन
भ्रष्ट, झोले, दोहन गर्न लाग्दा माताको उपदेश लिईन
हे आमा यस्ता पुत्र जन्माउन लाग्दा ठूलै भूकम्प लाग्दैछ।
विदुर चित्रगुप्तामा रहँदा मान्देव ऋषिलाई सुली चढाएको थियो
उनी तीन वर्षमा घुँडा टेकी कमिला मार्दा त्यस्तो ठूलो दण्ड थियो
अब त करौडौ अरबौ दोहन गर्दा पनि कसैले उकास्नु हुँदैन
सिफारिस गर्नुभन्दा आफ्नो हात खुट्टा काटिएँला पछि पर्नु हुँदैन
पृथ्वी माताले अवश्य त्यस्ता सबैलाई भूकम्प आउँनेछ।
आमाले जन्माउँदा कति आमाको यो वयवस्था गर्लान् भन्ने थिएन
त्यस्ता नेता कुपुत्र पेटमा तुहेको भए राम्रो हुने थियो
नाङ्गो नाच गर्नुभन्दा यो पृथ्वीमा नबाँच्नु नै राम्रो
प्रशासनमा बस्नेले दूध र पानी छुट्याउँनु राम्रो
अलिकति लाज नमानी नेपाल आमालाई कँगाल बनाउदै छन्
बनाईसक्यौ अब के बनाउँन बाँकी पनि हेरौं बनाउँदैछ ।
मल छैन पानी पर्दैन वातावरण दूषित तिमीहरूको कारणले हो
कृषिमा काम गर्ने भोकभोकै हिडेका छन् तिमीले के गरेको हो।
युवा विदेशमा पठाई यहाँ बुढा नेता मोज मात्र गर्ने हो ?
बलात्कारी कुकर्मका धन्दा गर्दै नपाललाई २५/३० वर्ष पछि पार्ने हो ?
निर्मला पन्तको बलात्कारी पछि मानो तिमी कहाँ थियौ ?
कर्मचारीले भ्रष्टाचार गर्दा ढाक्दै आएका छौ
अब पनि भ्रष्टाचार ४०/५० जना देखिसके किन बचाऊ गरेको
फेरि पनि राजनीति गर्ने यस्ताले पृथ्वी माताको प्रायस्चित गरेको

विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

## हान्स क्रिश्चियन एण्डरसन



◆ सुमित्रा सिंह

*डेनमार्क : परीकथाहरूका लेखक*
*जन्म : सन् १८०५ मृत्यु सन् १८७५*

यी विश्व-प्रसिद्ध परीकथाका लेखकको जन्म डेनमार्कको एक गरिब जुत्ता सिउनेको घरमा भएको थियो । परिवार यति धेरै निर्धन थियो कि उनले एक फोहर कोठामा बस्न बाध्य हुनु परेको थियो। तर यी बालक अगाडि गएर डेनमार्कका राजाका साथी र विश्व-प्रसिद्ध परीकथाका लेखक बने । संभवतः संसारभरिकै पढे-लेखेका बच्चाहरु प्रारम्भमा यिनले लेखेका अद्‌भुत कथाहरु अवश्य पढ्छन् ।

एण्डरसनको जीवन उनले लेखेको एक पुस्तक 'अर्को डकलिंग' को अनुरूप थियो । दुब्लो पातलो र फोहरी यी बालकले स्कुलमा शिक्षासम्म प्राप्त गर्न सकेनन्, किनकि त्यसको लागि उनीसँग पैसा थिएन। यही कारणले उनले गायक बन्ने बारेमा सोचे । उनी डेनमार्कको राजधानी कोपनहेगन पुगे र त्यहाँ गल्लीहरूमा गीत गाएर उनले मानिसहरूलाई लोभ्याउने प्रयत्न गरे। तर उनको गला यति धेरै खराब थियो कि उनको बेसुर राग तर्फ कसैले पनि ध्यान दिएनन् । गाउनुको साथ-साथै उनले एक्टिङ र नृत्यको प्रयत्न पनि गरे । तर उनी यसमा पनि सफल हुन सकेनन् । जब उनी यस प्रकारका कामहरूमा लागेका थिए, तब एक यस्तो व्यक्तिको दृष्टि उनीमाथि पयो, जो त्यस समयका डेनमार्कका राजा फ्रेडरिक छैठौसँग परिचित थिए । ती व्यक्तिले राजालाई भनेर उनको पढाइ लेखाइको प्रबन्ध गराए ।

वयस्क हुन्जेलसम्म एण्डरसनले बच्चाहरूको लागि कथाहरु लेख्न प्रारम्भगरे । १८२८ मा उनले ए जर्नी अन फुट' नामक एक हास्य-व्यंग्ययुक्त किताब लेखे । यस काममा उनले सफलता प्राप्त गरे । त्यसपछि उनले उपन्यास पनि लेखे । डेनमार्कका राजाले सारा युरोपमा भ्रमण गर्नको लागि उनलाई वित्तीय सहायता गरे । उनले सारा युरोपको भ्रमण गरे र त्यस समयका सबै प्रसिद्ध व्यक्तिहरूलाई भेटे । तर उनको सबैभन्दा अधिक प्रसिद्धि अत्यन्त मनोरञ्जक स्वप्नलोकमा लैजाने परीकथाहरूको कारणले भयो । उनका केही प्रसिद्ध पुस्तकहरु 'ओनली ए फिडलर', 'पोएट्स मार्केट', 'फेयरी टेल्स', 'वण्डर स्टोरिज' र पिक्चर बुक्स विदाउट पिक्चर आदि प्रसिद्ध छन् । उनका प्रायः सबै पुस्तकहरूको अनुवाद संसारका सबै भाषाहरूमा भइसकेको छ । एण्डरसनले आफ्नो जीवनमा दुई पटक प्रेम-सम्बन्ध स्थापित गर्ने प्रयत्न गरे, तर अन्त्यसम्म पनि उनको विवाह हुन सकेन । अन्त्यमा उनले एक जोगीको घरमा प्राण त्यागे ।

जनकारी

## कम उमेरमा पनि किन फुल्छ केश ?



कपाल फुल्नुलाई हामी बुढेसकालको संकेतको रूपमा बुझ्छौं । बुढ्यौलीले छोप्दै लगेपछि कपाल सेताम्मे हुँदै जान्छ । यो सामान्य र स्वभाविक प्रक्रिया हो ।

तर कतिपयको युवावस्थामै कपाल फुल्न थाल्छ र उनीहरू उमेरभन्दा बुढा देखिन्छन् । अहिले त किशोरवयमा पनि कपाल फुलेको देख्न सकिन्छ । कपाल फुलेपछि व्यक्तित्वमा त्यसले केहि न केहि असर गर्छ । खासगरी कपाल फुल्नुलाई हामी बुढ्यौलीसँग दाँजेर हेर्छौं ।

हाम्रो शरीरको रौंहरूमा मेलेनिन नामक पिगमेन्ट सेल्स पाइन्छ । यी सेल्सले कपाललाई रंग दिन्छन् । तर, समयसँगै पिगमेन्ट सेल्स हराउँदै जान्छ र कपाल सेतो हुन थाल्छ । यो सामान्य हो । तर, उमेरभन्दा अगाडि कपाल फुल्नुका केही अन्य कारणहरू हुन्छन् ।

**वंशाणुगत कारण**

यो एउटा प्रमुख कारक हो । कुन उमेरमा कपालले पिगमेन्ट गुमाउँछ भन्ने वंशाणुगत तत्वले निर्धारण गर्छ । केही व्यक्तिहरूको २० वर्ष नहुँदै पिगमेन्ट हराउन थाल्छ र कपाल सेतो हुन्छ । यो समस्या सिधै जीनसँग जोडिएको हुन सक्छ । अर्थात्, आमा-बुवा वा हजुरबा-हजुरआमाको समयभन्दा अगाडि नै कपाल फुल्ने समस्या थियो भने यो हामीलाई पनि हुन सक्छ ।

**मेलेनिनको कमी**

अधिकांस घटनामा मेलेनिनको कमी हुनु नै कपाल फुल्नुको प्रमुख कारण हो । मेलेनिनको उत्पादन उचित पोषण र प्रोटिनयुक्त खुराकमा निर्भर गर्छ । यी पोषक तत्वको कमी मेलेनिनलाई स्वीकार्य स्तरबाट तल झर्ने कारण हुन्छ ।

**हार्मोन्स**

अपालको पिगमेन्टसँग हार्मोन्सको निकै महत्वपूर्ण सम्वन्ध हुन्छ । हार्मोन्स असन्तुलनका कारण कपाल सेतो हुन सक्छ ।

**रसायन**

कहिलेकाहीँ सेम्पु, साबुन, डाइज आदिको उपयोगले गर्दा पनि कपाल सेतो हुन सक्छ किनभने यिनीहरूमा केमिकलको प्रयोग गरिएको हुन्छ ।

**कपालको विकासका लागि तरल पदार्थको सेवन**

कपालको विकासका लागि शरीरमा अत्यधिक तरल पदार्थको आवश्यकता हुन्छ । के पिइन्छ र कति पिउने गरिएको छ भन्ने कुराले कपालमा असर पर्छ । कफि, चिया, रक्सी अधिक पिउँदा कपालको विकास रोकिन सक्छ र कम उमेरमा नै कपाल फुल्न सक्छ ।

### आईजीपी कार्कीको नयाँ गीत

दमक । प्रहरी महानिरीक्षक दान बहादुर कार्कीको शब्द रचना रहेको गीत 'अब बन्छ मेरो देश' सार्वजनिक भएको छ । नेपाल प्रहरी प्रधान कार्यालयमा शुक्रबार आयोजित कार्यक्रमबीच उक्त गीत सार्वजनिक गरिएको हो । गीतमा सामाजिक रूपान्तरण, अन्याय अत्याचारको अन्त्यसँगै आमनागरिकमा न्यायका लागि पलाएको आशा, भरोसा, आपसी सहिष्णुता, भातृत्वभाव र एकतामार्फत सम्बृद्धि प्राप्त हुने भाव प्रस्तुत गरिएको छ ।

गीतमा दिपक शर्माको संगीत र उदय राज पौडेलको एरेन्ज रहेको छ । गायक समीर खरेल, सदिच्छा कट्टेल, सविन सुवेदी र बेनिसा पौडेलको स्वर रहेको छ । गीतको भिडियोमा आर्यन सिग्देल, सविन कार्की, कविता नेपाली, चाहना राना मगर र किरण थापा लगायतका कलाकारहरूले अभिनय रहेको छ ।

## ज्ञान सागर

१२३) बहादुर शाहको समयमा नेपालको पश्चिम सीमाना कहाँसम्म पुगेको थियो ??
उत्तर : कुमाउ गढवाल
१२४) जनसंख्याको आधारमा सबैभन्दा ठूलो भू-परिवेष्ठित राष्ट्र कुन हो ??
उत्तर : इथियोपिया
१२५) उपयुक्त प्रविधि सम्बन्धमा चर्चित पुस्तक "कर्बा ष्क द्यभबगतषगा" का लेखक को हुन् ??
उत्तर : म्च. भ्". क्अजगँबअजभच (ब्रिटिस अर्थशास्त्री)
१२६) सौर्य पानी तान्ने पम्पको सहायताले कति मिटर उचाइसम्म पानी तान्न सकिन्छ ??
उत्तर : १२० मिटर
१२७) गर्भधारण गर्ने महिलाको मन्जुरी भएमा कति हप्ताको गर्भपतनलाई वैध मानिने व्यवस्था छ ??
उत्तर : १२ हप्ता

## विश्वकपबारे केहि जानकारी

फिफा विश्वकपको २२ संस्करण सम्पन्न भइसकेको छ भने आगामी जुन ११ देखि अमेरिका, मेक्सिको र क्यानडामा २३औं संस्करण सुरू हुँदैछ ।

अहिलेसम्म २२ संस्करण सम्पन्न हुँदा विश्वका ८० राष्ट्रले विश्वकप खेलिसकेका छन् । यस पटक त्यो सूचीमा चार नयाँ राष्ट्र थपिंदैछैन् । अर्थात एसियाबाट जोर्डन र उज्वेकिस्तान, अफ्रिकाबाट केप भर्डे र क्यारेबियन क्षेत्रबाट कुराकाओले विश्वकप फुटबलमा पहिलोपटक आफ्नो उपस्थिति जनाउँदैछ ।

विश्वकपमा लगातार सहभागि जनाउनु अर्को चुनौती हुन्छ । त्यसमा पनि छनोट चरण पार गर्नुपर्ने हुन्छ । यस्तोमा ब्राजिल भने एउटा त्यस्तो राष्ट्र हो जसले अहिलेसम्म भएको सबै २२ संस्करण नै विश्वकप खेलेको छ र अब २३औं पटक विश्वकप खेल्ने तयारीमा छ । ब्राजिललाई विश्वकप फुटबलको पर्यायवाची नै मानिन्छ र त्यही देशका फुटबल स्टार पेलेलाई फुटबलका राजा भानिन्छ । अनि ब्राजिलले ने सर्वाधिक ५ पटक फिफा विश्वकप उपाधि समेत जितेको छ ।

९० राष्ट्रले विश्वकप खेलिसक्दा ब्राजिलसहित ८ राष्ट्रले मात्र उपाधि जित्न सफल भएका छन् । अहिले १९ राष्ट्रले जम्मा १ पटक मात्र विश्वकप खेलेका छन् । तीमध्ये डीआर कंगो, कतार, हाइटी, बोस्निया एण्ड अर्जगोभिना, पानामा, इराक दोस्रो पटक फिफा विश्वकप खेल्दैछन् । त्यसमा डीआर कंगो र हाइटी ५२ वर्षपछि तथा इराक ४० वर्षपछि विश्वकपमा छनोट भएको हो । यस्तै बोस्निया १२ वर्षपछि र पानामा ८ वर्षपछि विश्वकपमा फर्कँदा कतार भने लगातार दोस्रो पटक विश्वकप खेल्दैछ । सन् २०२२ मा कतार विश्वकप खेलेका सर्बिया, पोल्यान्ड, क्यामरून, कोस्टारिका, डेनमार्क, वेल्स भने यस पटक छनोट हुन सकेनन् ।

कथा

## मूर्खहरूको रिस

◆ हेमन्त शर्मा



कुनै एक शहरमा दुईटा मन्दिर थिए । एउटा मन्दिर होक्के अथवा 'निचिरेन' धर्म मान्नेहरूको समुदाय र अर्को' जोदो 'धर्म मान्नेहरूको समुदाय थियो। ती दुवै मन्दिर एक अर्काको अगाडि पर्ने गरी बनाइएका थिए। निचिरेन सम्प्रदायको मन्दिरमा एउटा कुकुर पालिएको थियो । कुकुरको नाम तिनीहरूले होनेन राखेका थिए। वास्तवमा होनेन नाम जोदो सम्प्रदायका संस्थापकको नाम थियो ।

निचिरेनहरूको यो नचाहिंदो काम देखेर जोदोहरूलाई दु:ख लाग्यो । मन्दिरका पुजारीहरु भेला भएर आपसमा यसरी कुरा गरे- "कस्तो नराम्रो कुरा हो यो । निचिरेनहरूले हाम्रा गुरूको नामबाट आ' नो कुकुरको नाम राखे । यसको बदला त अवश्य तिर्नु पर्छ ।" यति छलफल भएपछि जोदोहरूले पनि एउटा कुकुर पाले । तिनीहरूले पनि कुकुरको नाम होक्केहरूको गुरूको नाम 'निचिरेन' राखे। उनीहरूले निचिरेनलाई खानेकुरा कमै दिन्थे। यसले गर्दा निचिरेन निकै दुब्लो र कमजोर भयो ।

जोदोहरूको कुकुर अलि ठूलो भएपछि टोलका केटाकेटीहरूलाई बोलाएर जोदोहरूले निचिरेनका कुकुरसित लडाउ भने। केटाकेटीहरूलाई मजा आउने हुँदा दुइटा कुकुरहरूलाई आपसमा लडाए । होनेन हट्टाकट्टा थियो र निचिरेन दुब्लो र कमजोर । लडाइँमा निचिरेन कमजोर हुँदैगयो । उता केटाकेटीहरु पनि टोक होनेन, टोक निचिरेन भन्दै आनन्द लिन थाले । निचिरेन हार्दै गएपछि केटाकेटीहरु चिच्याउन थाले-'निचिरेन हार्यो निचिरेन हार्यो। होनेनले निचिरेनलाई मार्न लाग्यो। मार होनेन, निचिरेनलाई मार ।'

यसरी केटाकेटीहरूले निचिरेनको हारमा खुशी मनाएको देखेर होक्के मन्दिरका पुजारीहरु रिसले आगो भए। दुवै कुकुरलाई छुटाएर लगे। केही दिनपछि हेक्केका पुजारीहरूले होनेन कुकुरलाई अर्कै शहरमा लगेर छोडिदिए ।

त्यसदिनदेखि तिनीहरूले जोदोका पुजारीहरूसित आँखा जुधाएर हेर्नै सकेनन् ।

## हाँसौं

नाति : हजुरबा, तपाईं भुटेको चना टोक्न सक्नुहुन्छ ?
हजुरबाः अँह, सक्दिन टोक्न !
नाति : भुटेको मटर टोक्न नि ?
हजुरबा : मटर टोक्न त झन् सक्दिन ।
नाति : त्यसो हो भने, मेरो यो मटर राम्ररी राखिदिनु होस् है, खेलेर फर्केपछि खान्छु ।


.................................

घरको कलबेल बज्नासाथ एक बालिकाले ढोका खोली ।
ढोका सामु उभिएका मानिसले सोधे- "छोरी, तिम्रा बाबा घरमा हुनुहुन्छ ?"
"अंकल, हुनुहुन्छ । तर अहिले घरभित्र प्याल पार्दै हुनुहुन्छ ।" छोरीले जवाफ दिई ।
"तिम्रा बाबाले जागिर छोडेर मुसा पाल्ने धन्दा गर्न लागे कि कसो ।" आगन्तुकले भने ।

यात्री : बाटा बाटामा बसेर माग्न लाज लाग्दैन ?
भिखारी बाटाघाटामा बसेर माग्न छोडेर अफिस खोलेर माग्न थालौं त !

.................................

शिक्षक : (विद्यार्थीसित) कुनै यस्ता दुईवटा घटना बताऊ जुन एकै समयमा घटेका थिए ।
विद्यार्थी : मेरी दिदीको बिहेका दिन उहाँ बेहुली हुनुभयो ।






आज मिति
२०८३ साल
जेठ ०३ गते
आइतबार
17 May 2026
तिथि: प्रतिपदा



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । हिम्मत बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रबाट सहयोग । व्यवसायबाट लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | खर्च बढ्ने । अनावश्यक भ्रमण । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | गृह कलह । शारीरिक कष्ट । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आत्मबल बढ्ने । प्रेममा सफलता । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शत्रु परास्त । आफन्तबाट सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | अध्ययनमा बाधा । आफन्तसँग मनमोटाव । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | माताजनमा कष्ट । लेनदेनमा समस्या । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मान प्रतिष्ठा बढ्ने । कार्यमा सफलता । |
| मकर | भो जा जी खि खू खे खो गा गी | पारिवारिक समस्या । खर्च बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आर्थिक वृद्धि । कार्यमा प्रगति । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आफन्तबाट धोका । खर्च बढ्ने । |

# झापा उवा संघमा व्यवसायी हित कोष स्थापना



भद्रपुर । झापा जिल्लाका आम उद्योगी-व्यवसायी एवम् जिल्लामा स्थापित उद्योग( वाणिज्य संघहरुको अभिभावक संस्था झापा उद्योग वाणिज्य संघले 'उद्योगी(व्यवसायी हित कोष' स्थापना गरेको छ ।

संघका कार्यवाहक अध्यक्ष राजकुमार राईको अध्यक्षतामा आज बसेको पदाधिकारी( सदस्यहरुको आकस्मिक बैठकले सो कोष स्थापना गरेको हो ।

संघमा आबद्ध उद्योगी( व्यवसायीहरुको क्षमता विकास एवम् विभिन्न सामाजिक क्रियाकलापमा सहयोग पुऱ्याउने उद्देश्यले कोष स्थापना गरिएको संघका महासचिव सुमन्त मैनालीले जानकारी दिए ।

शनिबार बसेको बैठकमा सहभागी कार्यसमिति सदस्य अरुणकुमार मित्रुका (महाबीर)( ले आफ्नो जन्मदिनको अवसर पारेर कोषका लागि रु. २५ हजार रुपैयाँ सहयोग गर्दै कोषमा रकम जम्मा गर्ने कार्यको सुरुआत गरेका छन् । उनले संघले अत्यन्त उपयोगी कार्यक्रम सुरु गरेको भन्दै आफूले कोषका लागि २५ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए । उनलाई कार्यसमितिको तर्फबाट अध्यक्ष राजकुमार राईले जन्मदिनको शुभकामनासहित कोष बृद्धिमा सहयोग पुऱ्याएकोमा धन्यवाद ज्ञापन गरे भने सहभागी सबैले मित्रुकालाई शुभकामना व्यक्त गरेका थिए ।

त्यसैबीच, झापाबाट नेपाल प्रहरीको २ नं गण काठमाडौंमा सरुवा भएका जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी खगेन्द्रबहादुर खड्कालाई संघले 'फेरि भेटौंला' कार्यक्रमसहित सम्मान गरेको छ । संघमा आयोजित कार्यक्रमका बीच प्रनाउ खड्कालाई कार्यवाहक अध्यक्ष राजकुमार राईले मायाको चिनोसहित सम्मानपत्र प्रदान गरेका थिए ।

महासचिव सुमन्त मैनालीले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष सीता ढकाल, कोषाध्यक्ष पवन श्रेष्ठलगायत सदस्यहरुले सम्मानित प्रनाउ खड्कालाई खादा पहिऱ्याएका थिए ।

झापा रहुन्जेल प्रनाउ खड्काले जिल्लाको शान्ति( सुरक्षा कायम गर्न र अपराध नियन्त्रणमा विवादरहित ढंगबाट कार्यसम्पादन गरेकोमा उनलाई 'फेरि भेटौंला' कार्यक्रमसहित सम्मान गरिएको अध्यक्ष राईले बताए । सो अवसरमा प्रनाउ खड्काले संघले गरेको सम्मानप्रति आभार व्यक्त गरेका थिए ।

**एकातर्फ....**बढिरहेको उल्लेख गर्दै समयमा मर्मत तथा सुधार नगरे थप क्षति हुनसक्नेतर्फ सरोकार भएका निकायको ध्यानाकर्षण गराए ।

हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गत आयोजना कार्यालय इटहरीले भने सो सडक खण्ड अझै पूरा भएर हस्तान्तरण भई नसकेको जनाएको छ । कार्यालयका इन्जिनियर उपेन्द्र दासले झापा चोक देखि राजगढपारिसम्मको १९ दशमलव ५० किलोमिटर सडकखण्ड निर्माण व्यवसायीले हालसम्म औपचारिक रूपमा हस्तान्तरण नगरेको जानकारी दिएका छन् । निर्माण कम्पनी अहिले 'त्रुटि सच्याउने अवधि'मा रहेकाले भत्किएका तथा बिग्रिएका संरचनाको मर्मत पनि सोही कम्पनीले गर्ने उनको भनाई छ ।

**बिस्कुनले बढाउँदै दुर्घटनाको जोखिम**

हुलाकी राजमार्ग निर्माण भएसँगै झापा र मोरङका विभिन्न क्षेत्रमा सडक अहिले अन्नको विस्कुन सुकाउने थलो बन्दै गएको छ । सिजन अनुसार धान, मकै, गहुँलगायत गुईठा र दाउरा समेत सडकमा फैलाएर सुकाउने प्रवृत्ति बढेपछि सवारी आवागमनमा जोखिम थपिएको छ ।

सडकमा मकै सुकाईएकै कारण गत वर्ष रंगेलीमा गाडीको ठक्करबाट एक बालिकाको ज्यान गएको थियो । बालिकाले बाटो काट्ने क्रममा अचानक ब्रेक लगाउँदा मकैका कारण गाडीले नियन्त्रण गुमाउँदा सो दुर्घटना भए पछि नगरपालिकाले सडकमा विस्कुन सुकाउन निषेध गरेको थियो । तर स्थानीयले सडकमा विस्कुन सुकाउन पाउनु पर्छ भन्दै आन्दोलन गरे पछि नगरपालिकाको नियम पनि लागु हुन सकेन ।

विशेषगरी निर्माण सम्पन्न भइसकेका कालोपत्रे सडकखण्डमा स्थानीयले खुला स्थानको अभाव जनाउँदै सडक नै प्रयोग गर्न गरेका छन् । यसका कारण मोटरसाइकल तथा अन्य सवारी साधन चिप्लिने, अनियन्त्रित हुने र दुर्घटनामा पर्ने घटना बढ्दै गएका छन् । अन्न सुकाइएको स्थानमा चालकले अचानक ब्रेक लगाउनुपर्दा वा सामान्य गतिमै गुड्दा पनि सवारी नियन्त्रण गर्न कठिन हुने गरेको छ । स्थानीय प्रशासन र ट्राफिक प्रहरीले सडकलाई सार्वजनिक आवागमनको सुरक्षित क्षेत्रका रूपमा प्रयोग गर्न आग्रह गर्दै सडकमा अन्न सुकाउने कार्य रोक्न चेतावनी दिए पनि यो क्रम रोकिएको छैन ।

**आज...**जीवित 'कार्ल मार्क्स' भनेर सम्बोधन गरेका थिए । ३३ वर्षअघि भएको यो घटनाको सत्य तथ्य छानबिन गर्ने नेताहरूले बताउँदै आएका छन् । तर, अहिलेसम्म वास्तविकता बाहिर आउन सकेको छैन ।

दिवशकै अवसर पारेर आज मदन भण्डारी फाउण्डेशन झापाले विर्तामोडमा विचार गोष्ठिको आयोजना गरेको छ । सुकुमबासी समस्या र जनताको बहुदलीय जनवाद विषयक अन्तरक्रियात्मक गोष्ठको आयोजना गरिएको फाण्डेशन झापाका सचिव शिव ढुंगेलले जनाएका छन् ।

**इँटा....**एवं प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिएका छन् ।

घाइते भएका मलङ्गवा नगरपालिका(७ का ३२ वर्षीय तुलसी महतोको प्रादेशिक अस्पताल मलङ्गवामा र मलङ्गवा नगरपालिका(७ का ५२ वर्षीय सत्यनारायण महतोको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ । घाइतेको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

**तरकारी....**गरिएको थियो । परीक्षणबाट सबै नमुनामा विषादीको मात्रा न्यून रहेको र उपभोगयोग्य पाइएको प्रयोगशालाले जनाएको छ ।

प्रयोगशालाका अनुसार ३५ प्रतिशतभन्दा कम विषादी अवशेष भएका कृषि उपज उपभोगयोग्य मानिन्छन् । संकलित सबै नमुनामा विषादीको मात्रा सो मापदण्डभित्र रहेको जानकारी दिइएको छ । दमक नगरपालिकाले उपभोक्तालाई सुरक्षित तथा स्वस्थ खाद्यवस्तु उपलब्ध गराउने उद्देश्यले बजार अनुगमन तथा विषादी परीक्षणलाई निरन्तरता दिइरहेको नगर प्रमुख थापाले बताएका छन् ।

**इप्रका...**प्रहरी कार्यालय सिन्धुली सरुवा भएको छ भने उनको ठाउँमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय प्रहरी महाशाखा टंगालबाट डिएसपी सन्तोष पाठक बिर्तामोड आउने भएका छन्। यसैगरी जिल्ला प्रहरी कार्यालय झापामा काजमा खटिएका डिएसपी गुरुप्रसाद तिम्सिनाको इलाका प्रहरी कार्यालय वर्दिवास, महोत्तरीमा सरुवा भएको प्रहरीले जनाएको छ।

**शान्ति...**उनले बताए ।

सम्बोधनका क्रममा मन्त्री खनालले जलवायु परिवर्तन र भू(राजनीतिक संकटका कारण सबैभन्दा बढी जोखिममा परेका देशहरू खासगरी नेपाल जस्ता अल्पविकसित र भूपरिवेष्टित विकासोन्मुख राष्ट्रलाई विशेष सहयोग गर्न उनले विश्व समुदायसँग आग्रह गरे । उत्थानशील पूर्वाधार, नवीकरणीय ऊर्जा, र दिगो आपूर्ति प्रणालीमा लगानी व्यापक रूपमा बढाउनुपर्ने तथा प्रविधि र प्राविधिक नवप्रवर्तनमा पहुँच पुऱ्याउनुपर्नेमा उनले जोड दिए । यसका साथै कमजोर अर्थतन्त्र भएका देशहरूका लागि सहुलियतपूर्ण वित्तीय सहायता, आपत्कालीन सहायता तथा ऋण राहतका उपायहरू तत्काल सुनिश्चित गर्न उनले आग्रह गरे ।

## अन्तर्राष्ट्रिय

# चीनद्वारा पाँच उपग्रह प्रक्षेपण

एजेन्सी/ चीनले शुक्रबार 'लिजियान' वाहक रकेट प्रक्षेपण गर्दै पाँचवटा उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ। यो रकेट उत्तरपश्चिम चीनस्थित डोङफेङ व्यावसायिक अन्तरिक्ष नवप्रवर्तन परीक्षण क्षेत्रबाट बेइजिङ समयअनुसार शुक्रबार दिउँसो १२:३३ बजे प्रक्षेपण गरिएका हुन्।

रकेटले सबै उपग्रहहरूलाई सफलतापूर्वक निर्धारित कक्षामा पुऱ्याएको जनाइएको छ। यो मिसन लिजियान रकेटको १३औं उडान तथा लिजियान शृंखलाको १४औं प्रक्षेपण हो । हालसम्म लिजियान शृंखलाले कुल १०० वटा उपग्रह अन्तरिक्षमा पठाइसकेको छ भने कक्षामा स्थापित सामग्रीको कुल तौल १८ टनभन्दा बढी पुगेको छ ।

चीनले विकास गरेको लिजियान ठोस इन्धन प्रयोग गर्ने वाहक रकेट हो, जसमा तीव्र प्रतिक्रिया क्षमता छ। कम्पनीका अनुसार यसले सार्वभौमिक प्लाटफर्ममा आधारित डिजाइन अपनाएको छ, जसले विभिन्न प्रकारका उपग्रह मिसनहरूसँग सजिलै अनुकूलन हुन सक्ने सुविधा प्रदान गर्छ ।

यस प्रक्षेपणमा पठाइएको 'तियानयान(२७' नामक उपग्रहमा अन्तरिक्ष प्रदर्शन स्क्रिन, अन्तरिक्ष निगरानी क्यामेरा, इन्फ्रारेड क्यामेरा तथा स्मार्ट डाटा प्रशोधन प्रणाली जडान गरिएको छ ।

## खेलकुद

# कुशलको शतकमा अमेरिकामाथि नेपालको जित



काठमाडौं । ओपनर कुशल भुर्तेलको शतकमा आईसीसी विश्वकप क्रिकेट लिग(२ अन्तर्गत अमेरिकामाथि नेपालले ९ विकेटको शानदार जित निकालेको छ ।

अमेरिकाले दिएको १९६ रनको लक्ष्य नेपालले ३६ ओभर ४ बलमा एक विकेट गुमाएर पूरा गरेको हो ।

कुशलले ११८ बलमा १२० रनको अविजित शतकीय इनिन्स खेले । उनले १३ चौका र ४ छक्का प्रहार गरे । कुशल र आसिफ शेखले पहिलो विकेटका लागि १४५ रनको साझेदारी गरेका थिए । आसिफ ७२ बलमा ५९ रन बनाएर आउट भए । इसान पाण्डे ३० बलमा २० रन बनाएर नटआउट रहे । बलिङमा मोहम्मद मोहसिनले एक विकेट लिए ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको अमेरिका ४३ ओभर ३ बलमा १९५ रनमा समेटिएको थियो । अमेरिकाका लागि ओपनर स्मित पटेलले सर्वाधिक ८४ रन बनाए । उनले ८९ बलमा ८ चौका र ३ छक्का प्रहार गरे ।

स्मितले शेहान जयसुरियासँग दोस्रो विकेटका लागि शतकीय साझेदारी गरेका थिए । शेहान ५२ बलमा ५० रन बनाएर आउट भए । शतकीय साझेदारीलाई नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरीले ब्रेक लगाएका थिए ।

१२२ रन जोड्दा एक विकेट गुमाएको अमेरिकाले त्यसपछि भने लगातार विकेट गुमाउन पुग्यो । मिलिन्द कुमार २८, कप्तान साइतेजा मुक्कामल्ला ४, शायन जहाँगीर ६, शुभम रञ्जाने २, सञ्जय कृष्णमूर्ति १, हर्मित सिंह १४, मोहम्मद मोहसिन र नोसथुस केन्जिगे ० रनमा आउट भए । शौरभ नेत्रभाल्कर ० रनमा अविजित रहे । बलिङमा नपालका लागि दीपेन्द्रले ४, सोमपाल कामीले २ तथा सन्दीप लामिछाने र गुल्सन झाले एकएक विकेट लिए । नेपालले अब आफ्नो तेस्रो खेल सोमबार स्कटल्याण्डसँग खेल्नेछ ।

## मौसमी हास्य-व्यंग्ये

# 'लोकतन्त्रभित्र गणतन्त्र गर्न' कम गाह्रो रछ त यार ?

व्यंग्यनारान पाँडे

निकै दिनपछि, कानमा मोबाइल ट्याप्प टाँसेर ठूल्ठूलो स्वर उराल्दै आइरहेको ऐसेलु झाँगेलाई आँगनको गेटनेर आइपुग्दै देखेको थियो पाँडेले र - 'अब यो भ्याउले कतिबेरसम्म काम न काजका बकमफुसे कुरा फलाकेर हाइ कडाउने भो फेरि ! यो झाँगे यो टोलको घाँडो त हुँदै हो !' -भन्ने सोच्यो । तर, पाँडेले सोचेर के गरोस्, झपारेर चूप लाउन सकिने भा पो ! उल्टै हल्ला गरेर टोल नै थर्काइहाल्छ । उल्टै बेइज्जत नि !!...

झाँगे मोबाइलबाट, कोसँग हो कोनि, भन्दैथ्यो -"...थत्, रास्टको उत्रो ठूलो मान्छेलाई दुई-दुई खेप हाक्छिम् आ'र नाकबड सिँगाने पानी झर्नु भनेको त भामट आत्तेशकै टपिक पो हो त, आम्मई नि !....के भनेउ ? ...हइट् , ठूला मान्छेलाई आउने हाक्छिमको इजोत र पेस्टिच पनि ठूलै हुँदैन्त अनि ?...अँ । एता सुन न म भन्दैछु त , अन्तखेरी क्या त, ह्वाँ जइसा रास्टकै मेन पाओरिला व्याक्तिलाई एखेप होइन दुई खेप हाक्छिम् आ'र नाकबड च्यास्स सिँगाने पानी आ'पछि त काँ सम्सदको अदिबेसनतिर जानू त हओ अन्तखेरी ! अदिबेसन न सदिबेसन नि, तेस्तो सिरेसली बेरामी भका ट्याममा !....के भनेउ ?....अँ, हो त ! सर्खारले दुई-तिन्टा इसपिसेलिस डाग्डर र दुईचाडा हरिराम्रा सुसारेको लस्करै ला'र चइँनेकेरे डाइरेक रास्ट बइँकका सर्खारी काँचा रुप्पैबड हस्पिटाल भाडा र ओखतिका लागि

एक झोलै खर्च चइँनेकेरे भरेर अर्जेनली पठाउनु पर्छ नि डिल्ली-बम्बै कि अमृकान-सुइझारल्यानतिर, उइले केप्पी बा, रामबर्ण जादौ, झल्लानात खँदालहर्लाई गिलो टट्टी मात्तै लाग्दा तेसै गरेको त हो नि !...हलो ?...के अरे ?....ए ...गरीप-गुर्बा जनताका एस्ता नाथे कुरा के गरिराख्या हउ तिम्ले छ्या ! चूलाको मुँगी , भस्टचार, ध्याँद्ली, कमिसिन, घुसखोरीदेखुन्

बेहारी डाग्डरका कीर्ते-काइते ओखतिको रिआक्सिन् अनि एत्ते कर-उत्ते तिरोको पर्कोपले चिथोरिएका चान्चुने जन्ता मोरालाई के सन्च के असन्च-बिसन्च, तिन्का बाऊको टाउको ! ताता घाममा टट्टेर अथवा झरी-पानीमा भिज्दै भोका भूँडीले काम गर्दा हाक्छिमका हाक्छिम् आ'र रुगा-सल्दीको पानी जइसो सिँगान नाकबड झर्ने ड्यान्जर रोगले हन्हनी जरो लागो भने पो धामी-झाँक्री गर्ने हो त हउ लाटा । ठूलाठालालाई केको झाँक्री चाइओसफ न बोक्सी लागोस् !...हँ, के अरे ? 'नाकबड सिँगान-झार्दै आउने गरीप जन्तालाई चइँ के भनेर चित्त बुजाउन' अरे ? हन सल्दीको रुगा-खोकी लाग्या ट्याममा नाकबड सिँगाने पानी नआ'र दुद-दइ आउँछ त ? भनेर झपारेर खेदाइदिनु नि ती भ्याक्न्या बाउहर्लाई !.. ठूलाठालालाई मात्तै सुबिदा भनेर छरउटीले भुकुभुकु मर्न नसकेका जन्ताले जइसै धामी डाक्ने र ड्याङरो ठोक्न लाउने हो त ? कस्तो ठूलाठालाको बेल्लै इजोत हुन्छ-बेल्लै पर्सनालिटिक हुन्छ, उँधेरलाई लाग्ने बेरामी पनि इजोतिला नै लाग्छन् भन्ने एतार्तको क्यारलेसै नगरी मोबिलबड फुन गर्दा पनि बुद्दिहीन बाक्के बोलेको म जइसो पर्तिस्टितसित बोल्दा पनि ? म को हुँ था छ ? ...के अरे ? के भनेउ अरे तिम्ले हँ ?....यो मैले भनेका कुराकै मेलो मिलार रास्पतिलाई भन न गएर भनें त हओ मैले । .... हलो ? ....के अरे ....हन ती क्या त उप्यान्द्र जादौ जइसा जब्बर छन्, राजेन्दर मतो जइसा हेन्सम र किस्न सिटउला जइसा 'राता चण्डने धन्नाड्डे'-हेरू छन्, तेतिले नपुगे कम्बल थापाहेरू छन् , रामकमारी झँक्रिनी-जोति मघरनी, किस्नगोपाल स्रिस्ट, देउराच घिम्रेहरू जइसा हनुमाने-हनुमान्नीमा च्याम्पेनहेरू फुर्सुथमै छन् त भूर्वपूर्बक कमाइले नाइटो गाडिने खा'र-अगा'र बसिराखेका ! कति छन् कति नि !...के अरे ? हन तिमीले किन चिनेजानेका हुनु परो ती नेता-नेतीलाई हँ ? मैले अराको भन न , तिनले साथमा लगेर खुरुक्क भेटाघाटा गराइहाल्छन् नि रास्पतिसित ।....कसो अरे ? ए बाबा हो नि, मेरो नाम सुन्नासात तिनले तेति नाथे काम नाकका चालले गर्नैपर्छ नि , कस्तो डाउटिङ गरेको तिम्ले हँ ?

...हन के भयो ? हलो !....ए , अँ ! एउडा कुरो नि !....सुन्दैछउ ? ...ती क्या त, अगि तिम्ले ठूलाठालालाई मात्तै सप्पै सुविदा ओइरिनु लो'तन्त्र हो ? भनेर कल्ले-कल्ले पाखुरा सुर्के भन्थेउ नि ? एता सन - फेरि एगेन कसैले तेस्तो बामे गनाउने झ्वाँक देखायो भने मेरो यो एउडा अन्नुभौको हिस्टोरी सुनाइदिनु क्या ! ...हलो ?... सुन्दैछउ ? तेति भएसि तिनका टाउकाको किट्नीमा बुद्दि भरिन्छ ठूलाठालालाई कसो गर्नुपर्ने रछ भन्ने आइड्या फुर्छ । ... ध्यान देर सुन मेरो सो-उक्त अन्नुभौको राम कानी --

उइले नै म पाहाडको हामेरको गाम्पञ्चेतमा काङ्ग्रेस-कमिनिसमा लागेका अरास्टे तत्तोहेरूलाई छुल्छुल पार्ने कडिएल राजभक्त उपपर्दान हुँदाको कुरो हो । म उसबेलाकी कलकल उमेरकी हाल मुसीकी मम्मीसँग इण्डेको निउँ डिल्ली टुरिङमा गइरन्थें क्या ! एकखेपको टिरिपमा एता घुर्ने बेलाँ इणडेको पर्दानमन्त्री गरिराखेका ज्वारीलाल नेरूलाई भेटेर चिना-परिश्चए गर्न मुन लागो र उन्को निभासमा गको थें । कुभाग्गे के परो भने तेसै बेहान इण्डेका रास्पति राजेन्दरपर्सात् पनि खैनी मोल्दै ज्वारीलालकी छोरी इन्द्र बुइनीले पकाको मि...ठो च्या खान पुगेर भख्खर घुरेका रछन् ।...हँ ? ए... उत्रा ठूलो रासपतिले पनि खैनी खान्थे र भन्या तिम्ले ? धत्तेरिका ! अनि ती राजेन्दरपर्सात् बेहारी होइनन् अनि ? तो त उँधेरको मुख्खे दुर्बेसन नै हो नि - साँसकिर्तिक दुर्बेसन !...अनि सुन न सिरेसली भ-र ।...अनि सो खैनी पडकाउँदा तेस्को धुलो ज्वारीलालको नाकमा परेछ र उनलाई हाक्छिमका हाक्छिम कडाएछ । तेति मात्तै भ'को त 'ज्वारीलाल बेरामी परे- उन्लाई तीन्चार खेप हाक्छिम आयो अरे' ...भन्ने होल इण्ड्याका अकबारहर्ले भख्खर निउच बोडकास गरेर तल्का मच्चेको बेला परेछ क्या ! तेसो भा' हुँदा मैले भेट्नै पाइन नि ! थुक्क साला !... तर, म मात्तै हो र ? पाकिसथानका पर्दानमनत्री जुल्पीकार अलिक भुट्टो, चाइनाका प्र.मम. चाउमिन लाइ , नेपालका मात्रिका कोइराला र अरू को-को थुप्रैहेरू ज्वारीलाललाई नभेटी सो पोरगामबड खल्लो मान्दै रित्तै सँगसँगै गफिँदै फर्किनु परेको घट्ना आजै जइसो लाग्छ क्या मलाई र मेरो पेटमा कटक्क हेडेक हुने गर्छ क्या, बुज्यौ त तिम्ले ।....हलो ! सुन्दैछउ नि मेरा कुरा ?.... हो तेस्तो पो हुन्छ त ठूलाठालालाई खुजुराखर्जी बेरामी लाग्दा पनि । तेस्ता ट्याममा हामेरले सारै सिरेसली क्यारलेस गर्नुपर्छ क्या ! एस्तो इनपोरट्यान कुरो नबुजेर हामेरका मान्नीए साम्सतहेरू चइँ सन्सतको अदिबेसन मनाउन फल्नो किन नआको ? भनेर चइँनेकेरे पाङ्दुरे हल्ला गर्छन् ।.... ल, ऐले मलाई लेटिनले चापो र टोइलेट्न जानू ढिला भो र यो मोबिल काटें हए ऐलेलाई मैले । .... हामेरका हातहाताँ मोबिलका गुइँठा छइँछन् र साइँसको विग्यानले इन्टरन्याट खोलाकै छ । कुरो गर्न आबसेक परे मसित ट्याम के-कसो छ, बुजेर फुन कन्टेक गर्दै गर्नु नि !"...

र, ऐसेलु झाँगेले बल्ल मोबाइल खल्तीमा राख्तै पाँडेतिर किच्च हाँसेर भन्यो -"पाटीले जनसन्पर्कको रेस्पन्सिबिलिटिक मलाई तोकिरछ र यो मोबिलले फुर्सुत पाओस् न मैले अरू तपइँहर्का कुरा सुन्ने फुर्सुत पाउँ । यो गन्तन्त्रको लो'तन्त्र हाँक्न कहाँ इज्जिलो छ र ! इ यस्तै छ हए पाँडेजी, छेमा पाम् !....र, म अैलेलाई हिंडे पनि हइ, कति काम छ मेरो प्याण्डिङमा !"....

ऊ लखर-लखर बाटो लाग्यो ! अनि पाँडेले लामो सास तानेर त्यही सासले आफैलाई भन्यो -" देखिस् त पाँडे, 'लोकतन्त्रमा गणतन्त्र गर्न' कति गाह्रा पर्दो रहेछ र कस्ता-कस्ता विशेषज्ञहरू त्यो कामको जिम्मेवारीमा हुँदा रछन् ? कहाँ सजिलो छ त अनि, नारायण-शिव नि !!"......

# घरमै बसेर जग्गाको नक्सा पाउने

दमक । प्रविधिको तीव्र विकाससँगै अब घरमै बसेर जग्गाको नक्सा प्राप्त गर्न सकिने व्यवस्थाले भोजपुरका नागरिकलाई सहजता भएको छ । नापी विभागअन्तर्गतका नापी कार्यालयले सेवा प्रवाहलाई सहज, छरितो र पारदर्शी बनाउने उद्देश्यले अनलाइन प्रणालीमार्फत जग्गाको नक्सा उपलब्ध गराउन थालेका हुन् ।

यस व्यवस्थाले सेवाग्राहीलाई कार्यालयसम्म धाउनुपर्ने झन्झटबाट मुक्त गरेको छ । इन्टरनेटको पहुँच भएको जुनसुकै स्थानबाट आवश्यक विवरण भरेर सजिलै आफ्नो जग्गाको नक्सा हेर्न, डाउनलोड गर्न तथा प्रिन्ट गर्न सकिने व्यवस्था मिलाइएको नापी कार्यालय भोजपुरका प्रमुख सागर गिरीले जानकारी दिए ।

गत साउन महिनाबाट 'मेरो कित्ता' नामको वेभ साइटमार्फत घरबाट नै नक्सा लिने व्यवस्था सञ्चालन आएको उनले जानकारी दिए । यो सेवाले विशेष गरी दुर्गम तथा ग्रामीण भेगका नागरिकका लागि यो सेवा निकै उपयोगी रहेको उनको भनाइ छ । "नापी कार्यालयबाट हुने सेवालाई प्रविधिमैत्री

बनाएका छौँ" प्रमुख गिरीले भने, "नक्सा लिनको लागि अहिले कार्यालयसम्म आउन पर्दैन । अनलाइनबाट नै सेवा लिन सकिन्छ ।"

उनका अनुसार अनलाइन प्रणालीमार्फत सेवा उपलब्ध गराउँदा समय, खर्च र जनशक्ति बचत हुनुका साथै सेवा प्रवाहमा पारदर्शिता र विश्वसनीयता बढेको छ । सेवाग्राहीले अब लामो लाइन बस्नुपर्ने, बिचौलियाको सहारा लिनुपर्ने तथा अनावश्यक खर्च बेहोर्नुपर्ने अवस्था अन्त्य भएको उनको भनाइ छ ।

प्रणालीमार्फत जग्गाको नक्सा लिनका लागि सेवाग्राहीले जिल्ला, स्थानीय तह, वडा नम्बर, कित्ता नम्बरलगायत आवश्यक विवरण प्रविष्ट गर्नुपर्ने हुन्छ । सो विवरणका आधारमा सम्बन्धित नक्सा तुरुन्तै प्रणालीमा देखिने र डाउनलोड गर्न मिल्ने व्यवस्था गरिएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

पार्ट टाइम जबको अवसर
पढाई तथा अन्य कामबाट बिहान-दिउँसो फुर्सदीलो समयलाई सदुपयोग गर्दै इच्छुक केही व्यक्तिलाई पूर्वसन्देश दैनिकमा पत्रिका सम्बन्धी कामका लागि पार्ट टाइम जबको व्यवस्था गरेको हुँदा आफ्नो अनुकूलको समय उल्लेख गर्दै सम्पर्क गर्न सूचित गरिन्छ । कार्यालय बाहिर बसेर पनि
सम्पर्कका लागि : ९८१६९९९२००

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०